# आ.व. २०८०/०८१ को मंसिर २२ गतेसम्मको प्रगति विवरण

## आर्थिक प्रशासन शाखा तर्फ

### १. आय तर्फ

**१.** आ.व.२०८०/०८१ को हालसम्म आन्तरिक राजश्व तर्फ बिभिन्न शिर्षकहरुबाट जम्मा २०,०५,८२३.७६।- (बिस लाख पाँच हजार आठ सय तेइस रुपैया पैसा छेहत्तर मात्र)आम्दानी भएको छ ।

**२.** त्यसैगरी हालसम्म संघीय सरकारबाट तपसिल बमोजिमका शिर्षकमा तपसिल बमोजिमको आम्दानी प्राप्त भएको छ।

| शीर्षक | प्रस्तावित आय | आम्दानी |
|---|---|---|
| समानीकरण अनुदान | ९,११,००,००० | २,२७,७५,००० |
| शसर्त अनुदान चालु | २१,९८,००,००० | ७,२४,३५,००० |
| शसर्त अनुदान पुँजीगत | २,००,००,००० | ० |
| विशेष अनुदान पुँजीगत | ९०,००,००० | ० |
| समपूरक अनुदान पुँजीगत | ५०,००,००० | ० |
| कुल जम्मा | ३४,४९,००,००० | ९,५२,१०,००० |

**३.** त्यसैगरी हालसम्म प्रदेश सरकारबाट तपसिल बमोजिमका शिर्षकमा तपसिल बमोजिमको आम्दानी प्राप्त भएको छ।

| शीर्षक | प्रस्तावित आय | आम्दानी |
|---|---|---|
| समानीकरण अनुदान | ६३,१५,००० | १५,७८,७५० |
| शसर्त अनुदान चालु | १६,५०,००० | ५,४४,५०० |
| शसर्त अनुदान पुँजीगत | ७५,००,००० | २४,७५,००० |
| विशेष अनुदान चालु | ६०,००,००० | ० |
| समपुरक अनुदान पुँजीगत | १,००,००,००० | ३३,००,००० |
| कुल जम्मा | ३,१४,६५,००० | ७८,९८,२५० |

**४.** त्यसैगरी हालसम्म राजश्व बाडफाँडबाट तपसिल बमोजिमका शिर्षकमा तपसिल बमोजिमको आम्दानी प्राप्त भएको छ।

| शीर्षक | प्रस्तावित आय | आम्दानी |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६,००,००० | ० |
| मूल्य अभिवृद्धि कर | ५,४२,४७,७६० | ८३,९८,८९५.९४ |
| अन्त शुल्क | २,३२,४९,०४० | ६१,७५,४०५.७७ |
| सवारी साधन कर | ३८,०३,२६९ | ० |
| जलश्रोत सम्बन्धी रोयल्टि | ७,००,००० | ० |
| दहत्तर बहत्तर बिक्रिबाट | ३५,००,००० | ० |
| कुल जम्मा | ८,६१,००,०६९ | १,४५,७४,३०१.७१ |

## व्यय तर्फः

चालु आ.व. को हालसम्म विभिन्न क्षेत्रगत शिर्षकमा विनियोजित रकम र हालसम्म भएको खर्चको विवरण तपसिल बमोजिम रहेको छ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,४१,८८,००० | ११,२९,८८१ | ३.३ |
| २ | सामाजिक विकास | २८,२०,६७,००० | ५,३३,६९,०८९.७० | १८.९२ |
| ३ | पूर्वाधार विकास | ९,१८,७५,००० | ३४,८८,६९१ | ३.८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३१,४०,००० | ७,९६,३५८ | ६.०६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ७,०२,४५,०६९ | १,३६,५५,६९८.२८ | १९.४४ |
| | कुल जम्मा | ४९,१५,१५,०६९ | ७,२४,३९,७१७.९८ | १४.७३ |

### हालसम्म चालु तथा पुँजीगत बजेट एवं खर्चको विवरण यस प्रकार रहेको छ।

| शिर्षक | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३३,८०,९५,०६९ | ६,७०,६६,२२९.९८ | १९.८४ |
| पुँजीगत तर्फ | १५,३४,२०,००० | ५३,७३,४८८ | ३.५ |
| समग्र खर्च | ४९,१५,१५,०६९ | ७,२४,३९,७१७.९८ | **१४.७३** |

## राजश्व प्रशासन तर्फ

**व्यवसाय/ फर्म/ समूह दर्ताः**

क) प्राइभेट फर्म दर्ताः ३ वटा

ख) कृषक समूह दर्ताः ६ वटा

ग) कृषि तथा पशुपंक्षी फर्म दर्ताः २ वटा

घ) ''घ'' वर्गको निर्माण व्यवसायी इजाजत पत्रः २ वटा

ङ) खानेपानी मुहान दर्ताः १ वटा

च) कन्सल्टेन्सी (घर नक्सा पासको लागि) सूची दर्ताः १ वटा

**१. व्यवसाय/ फर्म/समूह नविकरणः**

क) प्राइभेट फर्म नविकरणः २५ वटा

ख) कृषक समूह नविकरणः २३ वटा

ग) कृषि तथा पशु फर्म नविकरणः २३

घ) ''घ'' वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरणः ९ वटा

ङ) कन्सल्टेन्सी (घर नक्सा पासको लागि) फर्म नविकरणः २

## योजना तथा पूर्वाधार विकास शाखा तर्फ

- आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक निती तथा कार्यक्रम अनुसारका हालसम्म १७ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन् भने १ वटा योजना कार्य सम्पन्न समेत गरी फरफारक भईसकेको छ।
- आ.व. २०८०/०८१ को आयोजना कार्यान्वयन गर्न ५ वटै वडामा उपभोक्ता समितिहरुलाई १ दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ।
- आ.व. २०८०/०८१ को लागि स्वीकृत योजनाहरुमध्ये ९ वटा योजनाहरु टेण्डर प्रक्रियामार्फत कार्यान्वयनको चरणमा रहेका छन्।

## शिक्षा युवा तथा खेलकुद विकास शाखा तर्फ

- बाल कक्षा देखि ९ कक्षा सम्मका जम्मा २६६२ जना विद्यार्थीहरुलाई दिवा खाजा ख्वाइएको छ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयको सामाजिक परीक्षण सम्पन्न भएको छ।
- प्र.अ. र वि.व्य.स. अध्यक्षको लागि ४ दिने क्षमता विकास तालिम सम्पन्न भएको छ।
- आधारभूत तहका ३७ जना शिक्षकहरुको एकीकृत प्रवोधिकरण कार्यक्रम सम्पन्न भएको छ।
- कक्षा ५, ८ र १० को परिवर्तित पाठ्यक्रमको पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सम्पन्न भएको छ।

## स्वास्थ्य शाखा तर्फ

- सम्पूर्ण विद्यालयका विद्यार्थीहरुको निशुल्क आँखा परीक्षण कार्यक्रम सम्पन्न गरिएको छ।
- **HPV/DNA** बिधिबाट ३८७ जना महिलाको पाठेघरको क्यान्सर जाँच गर्ने उद्देश्यले पाठेघरको मुखबाट स्वाब संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाउने कार्य सम्पन्न भएको छ।
- पोषण, क्षयरोग, खोप, आदिको सम्बन्धमा स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा सम्पन्न भएको छ।
- निशुल्क प्रयोगशाला संचालनको लागि आवश्यक केमिकल खरिद तथा वितरण गरिएको छ।

## पञ्जिकरण शाखा तर्फ

**आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरणको विवरण**

| विवरण | कायम भएको संख्या | वितरण गरिएको संख्या | वितरण गरेको जम्मा रकम |
|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | १६५१ | १६५० | १,९५,७७,६७८ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १२७ | १२७ | ९,८६,८६० |
| जेष्ठ नागरिक एकल महिला | २९३ | २९३ | २३,२२,२६६ |
| विधवा | ४४० | ४४० | ३४,७२,७५९ |
| पूर्ण अपाङ्गता भत्ता | ५१ | ५१ | ६,१०,४७० |
| अति अशक्त अपाङ्गता भत्ता | १८९ | १८९ | १२,०६,५७६ |
| दलित बालबालिका | २३२ | २३२ | ३,४८,१५६ |
| जम्मा | २९८३ | २९८२ | २,८५,२४,७६५ |

**घटना दर्ताः**

| जन्म | मृत्यु | बसाई सरी जाने | बसाई सरी आउने | विवाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|
| १८९ | ७७ | २२- दर्ता संख्या<br>९३- सदस्य संख्या | दर्ता संख्या-२<br>सदस्य संख्या- ९ | ८२ | १७ |

त्यसैगरी यस गाउँपालिकाको कार्यविधिमा उल्लेख भएबमोजिम एकल पुरुष तर्फ ८० जनालाइ प्रतिव्यक्ति रु १,०००।- को दरले जम्मा रु २,३९,००।,(प्रथम त्रैमासिक), ग वर्ग अपाङ्ग तर्फ ८० जनालाइ प्रतिव्यक्ति रु ५०० को दरले जम्मा १,१९,५००।-,(प्रथम त्रैमासिक) र घ वर्ग अपाङ्ग तर्फ ३० जनालाइ प्रतिव्यक्ति रु ४०० को दरले जम्मा रु ३४,८००।(प्रथम त्रैमासिक) गरी जम्मा रु ३,९३,३००।- भुक्तानी भएको छ।

## गाउँ विकास कार्यक्रम तर्फ

- रम्भा गाउँपालिकाको ४ वटा वडामा गाउँ विकास कार्यक्रम संचालन भएको छ।
- गाउँपालिका स्तरिय समितिको २ वटा बैठक सम्पन्न गरिएको।
- हाल सम्म १०४ वटा समुह गठन भई संचालनमा आएका छन् र १०४ वटा समुहमा २६७१ जना सदस्य आवद्ध छन्।
- समुहको बैठक तथा बचत नियमित रुपमा संचालन भएको छ।
- १०४ वटा समुहमा आन्तरिक बचत जम्मा रु ८५,९४,३७०।०० भएकोमा ८०,७२,०००।०० रकम समुहका सदस्यको लागि लगानी भएको छ। साथै आय आर्जनका लागी ६५,२५,०००।०० घुम्ती कोष लगानी भएको छ।
- मासिक रुपमा संचालन हुने समुहका अध्यक्ष तथा सचिवहरुको वडा स्तरिय बैठक वडा न २ मा २ वटा, वडा न. ३ मा २ वटा, वडा न ४ मा ४ वटा र वडा न ५ मा २ वटा सम्पन्न भएको छ।
- रम्भा ५ ताँहुका १८ समुहका ५ जना पदाधिकारीहरु लागि सबै समुहलाई समेट्ने गरी २ चरणमा २ दिने नागरिक सचेतना कार्यक्रम संचालन गरिएको छ जसमा १८ वटा समुहका ८५ जना सहभागी भएका छन्।

## गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

- गाँउपालिका स्तरिय उद्यम विकास समितिको २ वटा बैठक सम्पन्न गरिएको छ।
- आ.व. २०८०/०८१का लागि कार्ययोजना पास भएको छ।
- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनका लागि वटा तथा बस्ती छनौट गर्ने कार्य सम्पन्न भएको छ।

## रोजगार सेवाकेन्द्र तर्फ

- चालु आ.व.को हालसम्म १२ जनाको श्रम स्वीकृति भएको छ।
- ४ नं. र ५ नं. वडामा गरी जम्मा ३ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन्।
- रोजगार निती निर्माण गर्नका लागि रम्भा गाउँपालिका भित्रका २२ जना रोजगारदाताहरुको विवरण संकलन गरिएको छ।

## महिला तथा बालबालिका शाखा तर्फ

- हालसम्म १५८२ जना जेष्ठनागरिकहरुलाई परिचयपत्र वितरण गरिएको छ भने यस आ.व.मा ५ जनालाई परिचय पत्र वितरण गरिएको छ।

**अपाङ्गता परिचय पत्र**

| विवरण | वितरण भएको संख्या |
|---|---|
| पूर्ण अशक्त(रातो) | ५५ |
| अति अशक्त(निलो) | २०५ |
| मध्यम अपाङ्गता (पहेलो) | १३७ |
| सामान्य अपाङ्गता(सेतो) | ४० |
| जम्मा | ४३७ |

नोटः आ.व. २०८०/०८१ मा ६ जना अपाङ्गता भएका व्यक्तिलाई परिचय पत्र वितरण गरिएको छ भने २ जनालाई स्वास्थ्य परीक्षणको लागि पठाइएको छ।

- ३६ वटा विद्यालयमा बालक्लव गठन गरिएको छ।
- बालदिवसको अवसरमा मिति २०८०/०५/२५ गतेदेखि २०८०/०५/२९ गतेसम्म सबै वडामा वडागत रुपमा साथै माध्यमिक विद्यालय तथा प्रा.वि. र आ.वि. स्तरीय तिजगित प्रतियोगिता सम्पन्न भएको छ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान ५ वटै वडामा सम्पन्न भएको छ।

## सहकारी शाखा तर्फ

- गाउँपालिकाभित्रका सहकारीहरुको अध्यक्ष र व्यवस्थापकहरुबिच सहकारी सम्बन्धी अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। सहकारी संस्थाहरुको व्यवस्थापन गर्न पालिकास्तरीय प्रारम्भिक समिति(तदर्थ) गठन गरिएको छ।

## पशु विकास शाखा तर्फ

- पशुपंन्छी औषधी वितरण र उपचार (साना ठुला गरी १००० पशुपंन्छीमा उपचार सेवा पुर्याएको )
- ४०० कृषक घरपरिवारलाई हिउँदे घाँस जै र वर्सिम घाँसको विउ वितरण गरिएको छ।
- पशु बीमा कार्यक्रम सम्झौता गरी पशु बीमा कार्यक्रम सुरु भएको छ।
- लम्पि स्किन रोग विरुद्ध ४०० गाई,गोरु लाई खोप लगाईएको छ।
- १५० गाई भैँसीमा कृत्रिम गर्भाधान सेवा पुर्याइएको छ।
- ३५०० बोका र ६० वटा बहरहरुलाई पशु वन्ध्याकरण गरिएको छ।

- ५० वटा कुकुर हरुमा रेविज विरुद्ध खोप लगाईएको छ।
- १२०० गाई, भैसीमा गोवर परिक्षण सेवा पुर्याएको छ।

## कृषि शाखा तर्फ

- महिला लक्षित उन्नत किट वितरण कार्यक्रम अन्तर्गत २५० जना कृषकहरुलाई तरकारीको विउ वितरण गरिएको छ।
- गहुँको बाली अनुसन्धानको लागि बि.एल. ४६६९ जातको ६ के.जि. गहुँको बिउ चोला बहादुर सार्कीलाई उपलब्ध गराइएको छ।
- रम्भा गाउँपालिकाभित्र धानको उत्पादकत्व पत्ता लगाउने उद्देश्यले ६ जना कृषकको धानबालीको बाली कटानीको कार्य सम्पन्न गरिएको छ भने जम्मा उत्पादकत्त्व २१.७३७ मेट्रिक टन प्रति हेक्टर रहेको छ।
- कृषक सँग प्राविधिक कार्यक्रम अन्तर्गत ५ वटै वडाका कृषकहरुको घरघरमा गई कृषि सँग सम्बन्धीत परामर्श सेवा प्रदान गरिएको छ।
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी कृषहरुलाई व्यवसायिकता तर्फ आकर्षण गर्ने उद्देश्यले रम्भा गाउँपालिका भित्रका कृषकहरुले उत्पादन गरेको बेसारको तथ्याकं संकलन गर्ने कार्य सम्पन्न गरिएको छ भने यस बर्ष ४३.९८६ मेट्रिक टन उत्पादन भएको छ।

# सेवा प्रवाह र सुशासन तर्फ

- गाउँपालिकाको अवस्था झल्किने डिजिटल भिलेज प्रोफाइल तयारीको कार्य सम्पन्न भएको छ।
- जग्गा वर्गीकरणको कार्य अन्तिम चरणमा पुगेको छ।
- मेलमिलापकर्ताहरुको लागि १ दिने कानुनी साक्षरता कार्यक्रम सम्पन्न भएको छ।
- सम्पूर्ण वडामा वडा सचिवको दरबन्दी पुर्ति भएको छ। भने शाखागत रुपमा समेत गाउँपालिकाको दरबन्दी अनुसारको पदमा कर्मचारी पदपूर्ति गरिएको छ।
- कर्मचारी, शिक्षक, जनप्रतिनिधी र विद्यार्थीहरुको सामुहिक दुर्घटना बिमा कार्यक्रमको प्रक्रिया अघि बढाइएको छ।
- न्यायिक समितिमा आ.व. २०७९/०८० मा दर्ता कायम भई यस आ.व. मा अल्या गरिएका ४ वटा निवेदन मध्ये १ वटा निवेदनको निर्णय भईसकेको छ भने अन्य निवेदनहरु कारबाहीको क्रममा छन्। साथै यस आ.व.मा दर्ता कायम भएको १ वटा निवेदन समेत छलफल भई निर्णय प्रक्रियामा रहेको छ।